## “घ” वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५

पहिलो संशोधन मिति २०८२\०८\०३

<u>**प्रस्तावना :**</u> स्थानीय स्तरको सार्वजनिक विकास तथा निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभावरहित प्रतिस्पर्धा तथा स्रोत र साधनको उच्चतम् उपयोगजस्ता उद्देश्यहरू हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ को उपखण्ड (१०) ले दिएको अधिकार प्रयोग गरी बेलडाँडी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि (पहिलो संसोधन), २०७५ रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **'आर्थिक ऐन'** भन्नाले बेलडाँडी गाउँपालिकाको गाउँ सभाबाट साल बसाली रूपमा जारी हुने आर्थिक ऐन सम्झनुपर्छ ।

(ख) **'इजाजतपत्र'** भन्नाले बेलडाँडी गाउँपालिकाबाट निर्माण व्यवसायीको नाममा जारी हुने 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्झनुपर्छ ।

(ग) **'गाउँपालिका'** भन्नाले बेलडाँडी गाउँपालिका सम्झनुपर्छ ।

(घ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले बेलडाँडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) **“इजाजत पत्र सिफारिस समिति”** भन्नाले अनुसूची ४ मा व्यवस्था गरिएको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## इजाजतपत्र सम्बन्धी व्यवस्था

**४. अनुमति नलिई कार्य गर्न नहुनेः** प्रचलित कानूनमा अन्य व्यवस्था भएकोमा बाहेक यस कार्यविधि बमोजिम गाउँपालिकाबाट इजाजतपत्र प्राप्त नगरी 'घ' वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि गाउँपालिका क्षेत्रभित्र सार्वजनिक निर्माण कार्य गर्न, गराउन हुँदैन ।

**५. इजाजत पत्र सम्बन्धी व्यवस्थाः** (१) अनुसूची-३ बमोजिमको योग्यता पुरा भएका व्यक्ति, फर्म वा कम्पनीले सार्वजनिक निर्माण कार्य गर्न चाहेमा अनुसूची-१ बमोजिमको ढाँचामा यस बेलडाँडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू प्रमुख प्रशासकीय अधिकृतले रीतपूर्वक भए वा नभएको चेकजाँच गरी निर्णयको लागि इजाजत पत्र सिफारिस समितिमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएका दरखास्तहरूमा योग्यता पुगेको निर्माण व्यवसायी, फर्म तथा कम्पनीहरूको इजाजतपत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट अनुसूची-२ बमोजिमको ढाँचामा जारी हुनेछ ।

**६. इजाजतपत्र मान्य हुने अवधिः** (१) दफा ५ बमोजिम जारी भएको इजाजतपत्रको मान्य अवधि चालु आर्थिक वर्षको अत्यसम्मका लागि मात्र लागू हुनेछ ।

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भए तापनि झुठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा जुनसुकै बेला इजाजतपत्रको वैधता अन्त हुनेछ ।

**७. इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम जारी भएको इजाजतपत्र नवीकरण गर्न निर्माण व्यवसायीले गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

(२) दफा ४ बमोजिम जारी भएको इजाजतपत्र नवीकरणको लागि प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ महिनाभित्र कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण र आवश्यक दस्तुर तिरेको कागजात समेत संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयभित्र इजाजतपत्र नवीकरण नगरेका निर्माण व्यवसायीले सोही सालको चैत्र मसान्तभित्र इजाजतपत्र नवीकरण गराउन चाहेमा आर्थिक ऐनले तोकेबमोजिमको थप दस्तुर तिरी निवेदन पेश गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम नवीकरणका लागि पेश हुने निवेदनहरूमा गाउँपालिकाले इजाजतपत्र नवीकरण गर्नेछ ।

## परिच्छेद-३
## विविध

**८. इजाजतपत्रको खारेजीः** (१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुटो विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङ्गठित संस्थामा झुटो विवरण पेश गरेको बेहोरा सम्बन्धित निकायबाट लेखीआएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लङ्घन भएको सम्बन्धित निकायबाट लेखी आएमा,

(घ) एक व्यक्तिले एक भन्दा बढी निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गरेको पुष्टि भएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइनेछ ।

(३) लगातार तीन वर्ष सम्म इजाजत पत्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (३) अनुसार इजाजत पत्र स्वतः खारेज भएमा निर्माण व्यवसायीलाई चित्त नबुझेमा गाउँपालिकामा लिखित कारण पेश गर्न सक्ने छ। उक्त कारण मनासिब देखिएमा बेलडाँडी गाउँ कार्यपालिकाले आर्थिक ऐनले निर्धारण गरेको शुल्क बुझाएमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(५) यस दफाबमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म, व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई समेत दिनुपर्नेछ ।

**९. इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्थाः** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि प्राप्त गर्न निवेदन दिएमा आर्थिक ऐनले तोकेबमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**१०. इजाजतपत्रको नामसारीसम्बन्धी व्यवस्थाः** इजाजतपत्र प्राप्त गर्ने निर्माण व्यवसायीको मृत्यु भएमा वा अन्य कारणले इजाजतपत्रको नामसारी गर्नुपरेमा घरेलु तथा साना उद्योग कार्यालयबाट नामसारी प्रमाणित भई आएको पत्र तथा शेयरधनी भएमा शेयरधनी परिवर्तन गरिएको पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट नामसारी भइ सम्बन्धित फर्मको नयाँ प्रोपराइटरको फोटो टाँस भई आएको प्रमाणपत्र तथा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएको भए कम्पनी रजिष्ट्रार कार्यालयबाट शेयर लगत कट्टासहितको शेयरधनीको दर्ता किताबको प्रतिलिपिसमेत संलग्न राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ र यसरी निवेदन प्राप्त हुन आएमा आर्थिक ऐनले तोकेबमोजिमको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले नामसारीसहितको इजाजतपत्र प्रदान गर्नेछ ।

**११. इजाजतपत्रको ठाउँसारी सम्बन्धी व्यवस्थाः** अनुसूची-३ बमोजिमको योग्यता पूरा भएका व्यक्ति, फर्म वा कम्पनीको ठेगाना परिवर्तन भई इजाजतपत्रको ठाउँसारी गर्नुपरेमा घरेलु तथा साना उद्योग कार्यालयबाट

साविकको ठेगाना तथा हाल कायम हुने ठेगाना परिवर्तन गरिएको पत्र, आन्तरिक राजस्व कार्यालयबाट ठेगाना परिवर्तन गरिएको प्रमाणपत्र तथा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएको भए कम्पनी रजिष्टार कार्यालयबाट कम्पनी अद्यावधिक तथा रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन सहितको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको अभिलेख गरिएको पत्रको प्रतिलिपिसमेत संलग्न राखी निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले आर्थिक ऐनले तोके बमोजिमको दस्तुर लिई ठाउँसारी सहितको इजाजतपत्र प्रदान गर्नेछ ।

**१२. प्रचलित कानूनबमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति व्यवस्थाको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

**१३. बचाउः** यस अघि प्रचलित कानुनबमोजिम दर्ता भएका ठेक्का बन्दोवस्तीसम्बन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको इजाजतपत्रहरू यसै कार्यविधिबमोजिम दिइएको मानिनेछ ।

अनुसूची-१

(कार्यविधिको दफा ५ को उपदफा (१) सँग सम्बन्धित

इजाजतपत्रको लागि दिइने दरखास्त

श्री बेलडाँडी गाउँपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर।

विषयः इजाजत पत्र पाऊँ भन्ने बारे ।

यस कार्यालयको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजत पाऊँ भनी निम्नानुसारको दरखास्त पेश गर्दछु ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः
   नामः
   ठेगानाः
   सम्पर्क नं.
   ईमेलः

२. फर्म वा कम्पनीको प्रकृतिः

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोठमा रेजा लगाउनु पर्ने)

३. सम्पर्कको लागि फर्म वा आधिकारीक व्यक्तिकोः

नामः

ठेगनाः

सम्पर्क नं.

ईमेलः

४. फर्म वा कम्पनीको विवरणः

दर्ता नं.

दर्ता मितिः

अधित्कम पूँजीः जारी पूँजीः

दर्ता गर्ने कार्यालयको नाम र ठेगनाः

५. इजाजत पत्र लिन चाहेको समूहः

६. आर्थिक स्रोतको विवरणः

| | रकम | वित्तीत संस्था, बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरणबाहेक अन्य विवरण भए छुट्टै पेश गर्ने सकिन्छ ।

७. कामदारको विवरणः

(क) प्राविधिकः

(ख) अप्राविधिकः

(ग) अन्यः

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नुपर्ने ।

८. आफ्नो स्वामित्वमा रहेको निर्माणसम्बन्धी सवारी साधन मेसिनरी औजार विवरणः

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य बेहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लेखित सवारी साधन तथा मेसिनरी औजारहरूको स्वामित्वको कागजात (दर्ता प्रामाणपत्र) र उक्त मेसिनरी औजारहरू चालु अवस्थामा रहेको छ भनी मेकानिकल इन्जिनियरद्धारा प्रमाणित हुनुपर्नेछ ।

९. कर चुक्ता गरेको प्रमाणपत्र संबद्ध कागजातः

(क)

(ख)

(ग)

यस दरखास्त फाराममा उल्लेखीत सम्पूर्ण बेहोरा ठीक साँचो छ, झुटो ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

१०. सञ्चालक वा शेयरधनी सबैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गरेको हुनुपर्नेछ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाकोः-

दरखास्तः मितिः

द्रष्टव्यः यस दरखास्त फाराम साथ फारामा उल्लेख भइको व्यहोरा पुष्ट गर्न सम्बन्धीत कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची-२

## (कार्यविधिको दफा ५(३) सँग सम्बन्धित)

### इजाजतपत्र

इजाजतपत्र नं.........................                                   मितिः............

बेलडाँडी गाउँपालिका।

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्याविधि (पहिलो संसोधन), २०८२ बमोजिम निर्माण व्यवसाय गर्न ...........................................................................

स्थित कार्यालय भएको ............................................ फर्म वा कम्पनीलाई यो इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेकोः

दस्तखतः

नामः

पदः

मितिः

कार्यालयको छाप                          कार्यालयः

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-३

## (कार्यविधिको दफा ५ र ११ सँग सम्बन्धित)

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमताः** प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा कम्तीमा पाँच लाख रुपैयाको चाल पूँजी देखाई कम्पनी रजिष्टारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा प्रचलित कानूनबमोजिम दर्ता हुनुपर्ने अन्य निकायमा दर्ता भएको हुनुपर्नेछ ।

२. **मुख्य जनशक्ति विवरणः**

| क्र.सं. | जनशक्तिको विवरण | न्यूनतम आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १. | सिभिल इन्जिनियर | १ | कर्मचारीहरूको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि र निजहरूसँगको सम्झौता तथा नियुक्तिको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । |
| २. | सिभिल सब इन्जिनियर | १ | |
| ३. | प्रशासन सहायक | १ | |
| ४. | लेखा सहायक | १ | |

**३. मेसिन र उपकरण :**

| क्र.सं. | मेशिनरी तथा औजारको विवरण | न्यूनतम आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| क. | कंक्रिट मिक्चर | १ | |
| ख. | भाइब्रेटर | १ | |
| ग. | पम्प | १ | |
| घ. | लेवल मसिन | १ | |
| ङ. | टेक्टर/टिप्पर | १ | |

द्रष्टव्य :

बुंदा नम्बर ३ को खण्ड 'ङ' मा उल्लेख भएका उपकरणका सम्बन्धमा भाडा वा लिजमा लिएको भए कम्तिमा २ वर्षको लागि लिएको प्रमाण पेश गर्नुपर्नेछ । सोबाहेकका उपकरणहरू सम्बन्धित फर्म वा कम्पनी स्वयम्को स्वामित्वमा भएको प्रमाणपत्रको साथै बीमा गरेको कागजातहरू पेश गर्नुपर्नेछ।

४. माथि उल्लेखित यान्त्रिक उपकरणहरू ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एसोसिएसनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

५. माथि उल्लिखित यन्त्र तथा उपकरणहरू दर्ता भएको मितिले न्यूनतम दुई वर्षसम्म बेचबिखन गर्न पाइनेछैन ।

६. पन्ध्र वर्षभन्दा पुरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनका लागि मान्य हुनेछैन ।

७. "घ" वर्गको इजाजतपत्र नेपाली नागरिकलाई मात्र उपलब्ध गराइनेछ ।

## अनुसूची-४

## (कार्यविधिको दफा ५ (२) सँग सम्बन्धित)

### इजाजत पत्र सिफारिस समिति

१. 'घ' वर्ग इजाजत पत्र सिफारिस समिति तपसिल अनुसार हुनेछ ।

| | |
|---|---|
| क. पूर्वाधार विकास शाखा प्रमुख | संयोजक |
| ख. प्रशासन शाखा प्रमुख | सदस्य |
| ग. राजस्व शाखा प्रमुख | सदस्य |
| घ. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ. योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिव |

सिफारिस समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

आज्ञाले:
रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत